निर्णय नं १

नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६/०५/०५ को निर्णयअनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७६/१०/१० मा स्वीकृत भई जारी भएको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ र भरतपुर महानगरपालिका शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि २०७६ बमोजिम भरतपुर महानगरपालिकाका लागि कायम भएका शिक्षक दरबन्दी मिलान गर्नका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट निर्धारण भएका संलग्न मापदण्ड र भरतपुर महानगरपालिका शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि,२०७६ का प्रावधानसमेतका आधारमा शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यदलबाट २०७६ सालको वार्षिक परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्यालाई आधार मानी विद्यालयगत रुपमा कायम हुन आउने दरबन्दी विवरणसहित शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन निर्देशक समिति समक्ष सिफारिस भइआएको र निर्देशक समितिबाट कार्यदलको सिफारिसबमोजिम निर्णयका लागि नगर शिक्षा समितिमा सिफारिस भइआएको हुँदा कार्यदल तथा निर्देशक समितिको सिफारिस अनुसार देहायका दरबन्दी मिलानका आधारबमोजिम विद्यालयगत दरबन्दी कायम गरी दरबन्दी मिलान र शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो:

महानगरपालिकाको मौजुदा दरबन्दी तालिका

| प्राशि दरबन्दी | | | निमाशि दरबन्दी | | | माशि दरबन्दी (कक्षा ९-१०) | | | माशि दरबन्दी (कक्षा ११-१२) | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा |
| ६७९ | ६० | ७३९ | २२३ | ४७ | २७० | १७६ | ४६ | २२२ | ० | ५९ | ५९ | १०७८ | २१२ | १२९० |

•पुनश्च: महानगरमा हाल विद्यमान माशि (कक्षा ११-१२) दरबन्दी ५९ रहेकोमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको पत्रमा २ मात्र उल्लेख भइआएको हुँदा सो,सङ्ख्यालाई ५९ कायम गर्न पत्राचार गरिएको।

शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट कायम भइआएको आवश्यक दरबन्दी तालिका

| प्राशि दरबन्दी | निमाशि दरबन्दी | माशि दरबन्दी (कक्षा ९-१०) | माशि दरबन्दी (कक्षा ११-१२) | जम्मा | पुलमा रहने प्राशि दरबन्दी |
|---|---|---|---|---|---|
| ४६१ | ३३६ | ३७१ | ८१ | १२४९ | २७८ |

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको पत्रबाट प्राप्त दरबन्दीलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ अनुसार शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट सबै पालिकाहरुको पालिकागत दरबन्दी कायम गर्दा अवलम्बन गरिएका मापदण्ड तथा महानगरको दरबनन्दी मिलान, शिक्षक व्यवस्थापन तथा विद्यालय समायोजन कार्यविधि, २०७६ का प्रावधानका आधारमा

२) अपाङ्गता भएका विद्यार्थीहरुको लागि साविक देखि स्रोत कक्षा संचालन हुँदै आएको (स्रोतकक्षा संचालनको अनुदान प्राप्त) विद्यालयमा प्रति स्रोत कक्षा १ जना प्राथमिक तहको स्रोत शिक्षकको दरबन्दी कायम गरी अन्यको हकमा मात्र दरबन्दी मिलान गर्ने साथै लेखाजोखा केन्द्रको संयोजकको हकमा उक्त दरबन्दीलाई दरबन्दी मिलानमा गणना नगर्ने।

३) विशेष शिक्षा परिषद अन्तर्गत अनुमति स्वीकृति पाई साविक देखि संचालनमा रहेका विशेष विद्यालयमा रहेको शिक्षक दरबन्दी र सामुदायिक विद्यालयमा एकिकृत शिक्षा कार्यक्रमका लागि उपलब्ध भएको विशेष शिक्षा परिषद अन्तर्गतको शिक्षक दरबन्दीलाई दरबन्दी मिलानमा गणना नगरिएको हुँदा सोही विद्यालयमा कामकाज गर्ने गरी व्यवस्था मिलाउने।

४) साविकको उच्च माध्यमिक तहको दरबन्दी र अनुदान कोटा संख्यामा फरक परेमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट यकिन गरी दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने। साथै प्राविधिक धार अन्तर्गतको प्रशिक्षक र सहायक प्रशिक्षकको अनुदान कोटा दरबन्दी मिलान गर्दा गणना नगर्ने।

५) महानगरको पुलमा रहेका प्राशि दरबन्दी माथिल्लो तहमा वितरण गर्दा विद्यालयको विषयगत आवश्यकता र शिक्षकको माथिल्लो तहको शैक्षिक योग्यता एवं चाहना समेतलाई समेत आधार मानी व्यवस्थापन गर्ने।

_दरबन्दी मिलानका उल्लिखित आधारहरू बमोजिम कार्यदल र निर्देशक समितिको सिफारिसका आधारमा तपसिलबमोजिम विद्यालयगत तहगत दरबन्दी कायम गर्ने निर्णय गरियो:

बिवरण पछिल्लो पृष्ठमा।

कार्यदलद्वारा शैक्षिकसत्र २०७६ को वार्षिक परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्याका आधारमा दरबन्दी मिलान गर्दा कायम हुनआएको तहगत दरबन्दी विवरणः

| प्राशि दरबन्दी | निमाशि दरबन्दी | माशि दरबन्दी (कक्षा ९-१०) | माशि दरबन्दी (कक्षा ११-१२) | जम्मा | महानगरको पुलमा रहने |
|---|---|---|---|---|---|
| ४७६ | ३१५ | ३५९ | ९० | १२४० | ५० |

दरबन्दी मिलान तथा पुनर्वितरणका आधारहरुः

१) विद्यालयगत रुपमा दरबन्दी गणना सम्बन्धमा उपलब्ध दरबन्दी संख्या र विद्यार्थी संख्याका आधारमा देहायका आधारहरु अवलम्बन गरिएको:

क) कक्षागत विद्यार्थीको आधारमा शिक्षक थप गर्दा ४०,४५ र ५० को ४० प्रतिशत अर्थात ५७, ६३ र ७१ भएमा थप शिक्षक प्रदान गर्ने । यो आधार हरेक तहको लागि लागू गर्न सकिनेछ ।

ख) कक्षा १—३ संचालन भएको विद्यालय तर २० जना भन्दा कम विद्यार्थी संख्या भएमा न्यूनतम १ जना, ५० जना सम्म भएमा न्यूनतम २ जना र ५० भन्दा बढी विद्यार्थी भएमा न्युनतम ३ जना ।

ग) कक्षा १—५ संचालन भएको विद्यालय तर ३० जना भन्दा कम विद्यार्थी भएमा २ जना, ८० जना भन्दा कम भएमा ३ जना, १२५ जना भन्दा कम भएमा ४ जना र १२५ जना भन्दा बढी भएमा ५ जना ।

घ) कक्षा १—६ संचालन भएको विद्यालयको हकमा कक्षा ६ मा जति नै विद्यार्थी भएपनि १ जना शिक्षक र कक्षागत विद्यार्थीको आधारमा बढी विद्यार्थी भए थप शिक्षक प्राप्त हुने ।

ङ) कक्षा १—७ संचालन भएको विद्यालयको हकमा कक्षा ६—७ को विद्यार्थी संख्या जति नै भए पनि २ जना शिक्षक, कक्षागत विद्यार्थीको आधारमा बढी विद्यार्थी भए थप शिक्षक प्राप्त हुने ।

च) कक्षा १—८ संचालन भएको विद्यालयको हकमा कक्षा ६—८ को विद्यार्थी संख्या ५० भन्दा कम भए ३ जना सो भन्दा बढी भएमा ४ जना र विद्यार्थी संख्याको आधारमा शिक्षक थप गर्नु पर्दा बुँदा नं (क) अनुसार हुने ।

छ) माध्यमिक तह कक्षा ९-१० मा न्यूनतम ५ दरबन्दी कायम गर्ने। तर कक्षा ९-१० मा ५० जनासम्म विद्यार्थी भएमा न्यूनतम ४ दरबन्दी कायम गर्ने। र विद्यार्थी संख्याको आधारमा शिक्षक थप गर्नु पर्दा बुँदा नं (क) अनुसार हुने। माध्यमिक तहमा थप एक सेक्सनका लागि २ दरबन्दी थप गर्ने। माध्यमिक तह कक्षा ११-१२ का लागि विद्यार्थी जतिसुकै भए पनि ३ दरबन्दी कायम गरी महानगरको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि,२०७६ बमोजिम कक्षा ११-१२ मा विज्ञान विषय पढाइ हुने विद्यालयलाई थप १ दरबन्दी उपलब्ध गराउने।